जि.प्र.का. दर्ता नं ६५८
दर्ता मिति: २०७२/०९/१२

# राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ

## National Senior Citizen Federation

प.सं:
च नं:

मिति: २०७८/०९/११

### प्रथम ज्येष्ठ नागरिक राष्ट्रिय दिवसको सन्दर्भमा अध्यक्षज्यूको शुभकामना सन्देश

आज पौष ११ गतेको दिनलाई ज्येष्ठ नागरिक राष्ट्रिय दिवसको रूपमा लिईएको छ । यस दिवसको पावन अवसरमा समस्त आदरणीय ज्येष्ठ नागरिक दाजु-भाइ तथा दिदी बहिनीहरूमा स्वस्थ, सुखी, सम्मानीत एवं सकिय जीवनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

संयुक्त राष्ट्र संघ (UN) ले अक्टुबर १ लाई **International Day of Older Persons** अर्न्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवसको रूपमा मनाउने प्रस्ताव १९९० डिसेम्बर १४ मा पारित गरेर १९९१ को १ अक्टुबर देखि यसका सदस्य राष्ट्रहरू नेपाल लगायतले विभिन्न कार्यक्रमका साथ मनाउन थाले पछि विश्व भरनै १ अक्टुबरलाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको रूपमा चिनिन्छ ।

नेपालको सन्दर्भमा २०६० साल देखिनै ज्येष्ठ नागरिकको सवाललाई विजारोपण गर्ने र ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र सम्बर्द्धनका लागि सरोकारवाला निकायसंग हातेमालो गर्ने कार्यमा राष्ट्रिय ज्येष्ठ नागरिक महासंघको अग्रणि भूमिका रहँदै आएको छ। महासंघले ज्येष्ठ नागरिक दिवसकै स्वरुपमा, वि.स. २०६८ पौष १२ गते महासंघको विधिवत दर्ता भएको आधारलाई लिएर विगत केही वर्ष देखि पौष १२ गतेका दिन ज्येष्ठ नागरिक सम्वन्धी विभिन्न कार्यक्रमहरू मनाईदै आईरहेका थियौं ।

यसरी आजका दिनसम्म हामी अनौपचारिक रुपमा राष्ट्रिय दिवस र बिभिन्न अन्तर्राष्ट्रिय तथा बिश्व दिवसको नाममा मात्र सिमित रहेर मनाउँदै आईरहेको अवस्थामा, नेपाल सरकारबाट ज्येष्ठ नागरिक राष्ट्रिय दिवस मनाउने घोषणा हुनु नेपालका करिव ३० लाख ज्येष्ठ नागरिकको सम्मान हो भन्ने मैले लिएको छु। तत्कालिन मन्त्री परिषद्ले यो स्तुत्य पाईला चालेकोमा म हार्दिक आभार सहित विशेष धन्यवाद व्यक्त गर्दछु ।

उक्त मन्त्री परिषद्को मिति २०७८ जेष्ठ १० गते बसेको बैठकले पौष ११ गतेको दिनलाई ज्येष्ठ नागरिक राष्ट्रिय दिवस मनाउने घोषणा गरेसंगै यस वर्ष देखि औपचारिक रूपमानै यो दिवस मनाउन

जगतनारायण मन्दिर, शंखमूल, ललितपुर नेपाल
फोन/फ्याक्स: ०१-५२६०३४७
ईमेल nascifnp@gmail.com वेवसाईट: www.nascifnp.org.np

जि.प्र.का. दर्ता नं ६५८
दर्ता मिति: २०७२/०९/१२

# राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ

## National Senior Citizen Federation

प.सं:
च.नं:

मिति: २०७८/०९/११

शुभारम्भ गरिएको छ । यसले नेपाल सरकारका विभिन्न निकायहरू लगायत ज्येष्ठ नागरिकका क्षेत्रमा कार्यरत संघ-संस्थाहरूलाई समेत ज्येष्ठ नागरिकको विषयमा थप क्रियाशील रहन अभिप्रेरित गर्नेनै छ । साथमा ज्येष्ठ नागरिकहरूले यसबाट बेग्लै सम्मानको अनुभुति गरेका छन् भन्ने विश्वास लिएको छु ।

यस दिवसको अवसरमा, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय ज्येष्ठ नागरिक महासंघको संयुक्त आयोजनामा विभिन्न कार्यक्रमहरू आयोजना गरि **"सभ्य नागरिकको पहिचान, ज्येष्ठ नागरिकको सम्मान"** भन्ने राष्ट्रिय नाराका साथ मनाउँन लागिएको छ ।

यसै नारालाई दृष्टिगत गर्दै, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ समस्त आम ज्येष्ठ नागरिकको पक्षमा हर वखत निरन्तर क्रियाशिल रहने छ । ज्येष्ठ नागरिकको हक, हित र अधिकारकाको क्षेत्रमा दृढ संकल्प बोकेर, ज्येष्ठ नागरिकको जीवन सम्मानित र मर्यादित बनाउँदै कुनै पनि ज्येष्ठ नागरिकले दुर्व्यवहार, हिंसा र अपहेलना खेप्न नपरोस् भन्ने अठोटका साथ राष्ट्रिय नीति लिएर सबै सरोकारवाला निकायहरूसंग हातेमालो गर्ने सन्देश दिन चाहन्छु । ज्येष्ठ नागरिकसंग सरोकार रहने सम्बद्ध सबै निकायहरू समक्ष ज्येष्ठ नागरिक लक्षित विभिन्न सेवा सुविधा र छुट सहित ज्येष्ठ नागरिकलाई आत्म सम्मानको अनुभूति दिलाउने अभियानमा क्रियाशील रहन म हार्दिक अपिल गर्दछु ।

यस अभियानमा महासंघको सदैव रचनात्मक एवं सकारात्मक साथ र सहयोग रहनेमा म सबैलाई विश्वस्त पार्न चाहन्छु ।

अन्त्यमा, ज्येष्ठ नागरिक प्रति सम्मान र सद्भाव देखाउने हाम्रो पूर्वीय दर्शन र सकृतिलाई अक्षुण्ण राख्दै मातृ देवो भव: पितृ देवो भवलाई मूल मन्त्र मानौं । पुन: एक पटक यस दिवसको सन्दर्भमा, सम्पूर्ण ज्येष्ठ नागरिकहरूमा सम्मान प्रकट गर्दै, शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद । जय ज्येष्ठ नागरिक ॥

छत्र बहादुर प्रधान
अध्यक्ष

जगतनारायण मन्दिर, शंखमूल, ललितपुर नेपाल
फोन/फ्याक्स: ०१-५२६०३४७
ईमेल nascifnp@gmail.com वेवसाईट: www.nascifnp.org.np